# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन
## आर्थिक वर्ष २०८१।०८२
## रोल्पा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
## रोल्पा जिल्ला, लुम्बिनी प्रदेश, नेपाल




**प्रतिवेदक :**

**पार्वता आचार्य**

**फोन नं. ९८५७८३३९४२**

**इमेल parbata722@gmail.com**

# रोल्पा न.पा. लैससास
# परीक्षण प्रतिवेदन
# २०८१।०८२



**विषयसुची :** **पेज नं**


१. पृष्ठभूमी तथा परिचय ४-६

२. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्य ६

३. लैससास परीक्षणको औचित्य ६

४. लैससास परीक्षणका मुख्य सुचक, उपसुचक र प्रश्नहरु ७

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विधि र तरिकाहरु ७-९

६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सहभागिहरु ९

७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका औजारहरु १०

८. लैससास परीक्षणबाट प्राप्त मुख्य प्राप्तिहरु (Findings) १०-११

९. लैगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण सुचक विश्लेषण नतिजा ११-१६

क.लैससास परीक्षण सुचक विश्लेषण अंक तालिका

ख.लैससास परीक्षण नतिजाको माकुरी जालो १ मा विश्लेषण

ग.लैससास परीक्षण नतिजाको बारग्राफ १ मा विश्लेषण

घ. लैससास परीक्षण नतिजाको माकुरी जालो २ मा विश्लेषण

ङ. लैससास परीक्षण नतिजाको बार ग्राफ २ मा विश्लेषण

च) नगरपालिकाको नीतिगत तहमा लैंङ्गिक तथा जातीगत प्रतिनिधित्व

छ. नगरपालिकामा कर्मचारीकौ लैंङ्गिक तथा जातीगत सहभागिता विवरण

१०. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण नतिजा तुलनात्मक विश्लेषण १७-१८

११. नगरपालिकाको निर्णायक तहमा लैंगिक तथा समावेशी प्रतिनिधित्व १९-२०

१२. नगरपालिकामा कार्यरत कर्मचारीको लैंगिक तथा जातीगत विवरण २०-२२

१३. नगरपालिकाको लैससास क्षेत्रमा सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती २३-२५

१२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकास कार्य योजना २६-३१

१३.सुझाव ३२-३३

१४.निष्कर्ष ३३

१५. अनुसूचीहरु ३७-८०

अनुसूचि १.तालिका १ लैससास परीक्षण सुचक विश्लेषण (प्राप्त अंक र पुष्ट्याइका आधारहरु) ३४-६४

अनसुची २. लैससास परीक्षण कार्यतालिका ६५

अनुसुची ३.लैससास परीक्षण अवधीका तस्वीर विवरण ६६

अनुसूचि ४.लैससास परीक्षण कार्यशालामा सहभागिहरुको हाजिरी विवरण ६७

अनुसुची ५.नगरपालिकाका लैससास सम्बन्धी नमुना दस्तावेजहरु ६८

अनुसूचि ६. लैससास परीक्षण लेखाजोखामा समूह अभ्यासबाट तयार गरिएको नतिजाको प्रतिलिपी ६९

# लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन
# आर्थिक वर्ष २०८१।०८२

**पृष्ठभूमी :**

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै लैंङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्ने संकल्प गरेको छ । संविधानमा उल्लेखित मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरी लैंगिक समानता र सामाजिक समावेशीकरणको अधिकार सुनिश्चित गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( लैससास) सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । उक्त ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा संघिय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । सोही दफाको उपदफा (३) मा स्थानीय तहले आफ्ना योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ । उक्त ऐनमा नगरपालिका तथा गाउँपालिकाको काम कर्तव्य तथा अधिकारमा लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले कुनै पनि निकायको नीति, कानुन तथा योजना, कार्यक्रम, बजेट र कार्यान्वयन प्रणाली, संस्थागत व्यवस्था, सेवा प्रवाह, मानव संशाधन विकास र सुशासनको क्षेत्रमा लैङ्गिक तथा सामाजिक सन्तुलनको विद्यमान अवस्था लेखाजोखा गरी पृष्ठपोषण गर्ने कार्यलाई बुझाउँछ । लैससास परीक्षणले विकासको मूलप्रवाहमा सबै लिंग, जातजाती, वर्ग, र क्षेत्रका व्यक्ति तथा समुहलाई **सन्तुलित अवसर तथा लाभ सुनिश्चित** गर्न मार्गनिर्देश गर्दछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले **महिला र पुरुषको लागि छुट्टा छुट्टै बजेट विनियोजन भए नभएको अवस्थाको मात्र** लेखाजोखा गर्दैन । लैससास परिक्षणले सम्बन्धित निकायको नीति तथा कानुन निर्माण प्रक्रिया, लैंङ्गिक उत्तरदायी वजेट तथा कार्यक्रम निर्माण, स्रोत बाँडफाँड र परिचालनमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीता सम्बन्धी संवेदनशिलता अवलम्वन प्रक्रिया र विद्यमान अभ्यासहरुको लेखाजोखा गर्दछ ।

रोल्पा नगरपालिकाको आयोजना र बाह्य सहजकर्ताको सहजिकरणमा लैससास परीक्षण कार्यशाला सम्पन्न भएको छ । यस नगरपालिकाको लैससास परिक्षण क्रममा लैससाससँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानुनु र स्थानीय कानुनलाई आधार मानिएको छ । विशेषगरी नेपालको संविधान २०७२, पन्धौ योजना र राष्ट्रिय कार्य योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नियमावली, स्थानीय तहका

लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८, लैङ्गिक समानता नीति २०७७ , सामाजिक समावेशीकरण नमुना नीति २०७८ लगायत नगरपालिकाले निर्माण गरेका विभिन्न कानुन, नीति तथा कार्यविधि, आवधिक योजना, वार्षिक योजना तथा बजेट, वार्षिक प्रगति प्रतिवेदन र कार्यपालिकाको निर्णय पुस्तिकालाई आधार मानिएको छ ।

त्यसैगरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९, दिगो विकास लक्ष्य २०३०, बेइजिङ कार्ययोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित प्रस्ताव नं. १३२५ र १८२० लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई नगरपालिकाले अपनत्व लिई स्थानीयकरण गरे नगरेको बारे लेखाजोखा गरिएको छ ।

**रोल्पा नगरपालिकाको संक्षिप्त परिचय :**

लुम्बिनी प्रदेश अन्तर्गत पहाडी जिल्लामा पर्ने रोल्पा जिल्लाको १० वटा स्थानीय तहहरु मध्ये एक मात्र नगरपालिका रोल्पा नगरपालिका हो । प्रशासनिक हिसाबले यस नगरपालिका १० वटा वडामा विभाजित भई प्रसाशनिक केन्द्र रोल्पा जिल्लाको सदरमुकाम लिवाङ बजारमा रहेको छ । यो नगरपालिका पूर्व पश्चिम राजमार्गको भालुवाङबाट १०६ कि.मी. को दुरीमा पर्दछ । यस नगरपालिकाको पूर्वी सिमानामा सुनिलस्मृति गाउँपालिका, पश्चिममा माडी गाउँपालिका, उत्तरमा थवाङ र सुनछहरी गाउँपालिकार दक्षिणमा रुन्टीगढी र त्रिबेणी गाउँपालिका पर्दछन् । यो नगरपालिकाको कूल क्षेत्रफल २७०.४२ वर्ग कि.मि. छ । कूल भुभाग मध्ये ६० प्रतिशत जमिन वन क्षेत्रले ओगटेको छ भने ४० प्रतिशत जमिन बस्ती क्षेत्र र कृषियोग्य भूमिले ओगटेको छ । शिक्षा, पर्यटन जस्ता बिबिध पक्षहरु विकासोन्मुख तथा सुधारोन्मुख अवस्थामा रहेको छ । नगरपालिकाको सडक सञ्जाल बिस्तार भएको छ । पूर्वपश्चिम राजमार्गबाट जिल्लाको सदरमुकाम जोड्ने सडक र लिबाङ बजार वरपरको भुभागमा कालोपत्रे गरिएको र नगरभित्रका सबै वडाहरुमा कच्ची तथा धुलौटे सडकहरु बिस्तार गरिएको छ । सबै वडा कार्यालयसम्म सडक पहुँच पुगेको छ ।

बि.सं. २०७८ को जनगणना अनुसार रोल्पा नगरपालिकाको जम्मा घरधुरी संख्या ८७४५ छ । मगर जातीको बाहुल्यता रहेको यस नगरपालिकामा गुरुङ, ब्राह्मण, क्षेत्री, दशनामी, दलित, नेवार, घले आदि जातीहरुको बसोबास रहेको छ । यस नगरपालिकामा उच्च शिक्षा अध्ययनका लागि एक ओटा क्याम्पस, ११ ओटा माध्यमिक बिद्यालय, ५५ ओटा आधारभुत बिद्यालय, ४ ओटा निजी स्कुलहरु रहेका छन् । त्यसैगरी प्राविधिक शिक्षालयका रुपमा कलेज अफ नेचुरल रीसोर्स म्यानेजमेन्ट (CNRM) र रोल्पा पोलिटेक्नीकल कलेज समेत रहेकोले यस नगरपालिकामा शिक्षा सेवा बिस्तार र सुधारोन्मुख रहेको मानिन्छ । नगरपालिकाको सबै वडाहरुमा स्वास्थ्य संस्था स्थापना भई स्वास्थ्य सेवा बिस्तार गरिएको छ । त्यसैगरी जिल्ला अस्पताल र जिल्ला आयुर्बेद औषधालयबाट समेत स्वास्थ्य सेवा प्रवाह भएको छ । यस नगरपालिकाको केही भाग समथर तथा खेतीयोग्य एबं उर्वर जमिन रहे सँगै केही वडाका अधिकांस भुभाग दुर्गम एबं बिकट बस्तीहरुले समेटीएको छ । यहाँको खाद्यान्न तथा प्रमुख अन्नवाली धान, गहु, मकै, कोदो, सिमी, मास, फापर आदि हुन् । आयआर्जनको स्थानीय स्रोतको रुपमा टिमुर खेती, मौरीपालन जस्ता व्यबसाय अत्यन्त सम्भावना युक्त मानिन्छ ।त्यसैगरी सुन्तला कागती जस्ता फलफूल खेती पनि यहाँका बासीन्दाको आम्दानीको स्रोत बन्न सकेको छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्य :**

**मुख्य उद्देश्य :** लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अभ्यास तथा प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी नगरपालिकाले गर्ने सम्पुर्ण विकास योजना, नीति तथा कार्यक्रमलाई लैससास उत्तरदायी बनाउन आर्थिक स्रोतको सुनिश्चितता, उपलब्धीको समतामुलक वितरण र उपयोगी बनाउने ।

**अन्य उद्देश्यहरु :**

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत नगरपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सिमान्तकृत समूहहरुलाई समावेश गरी लैंगिक समानता र सबै जातजातीको अर्थपुर्ण सहभागिता गराई लैंगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैंगिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजाने ।

ख) महिला र सिमान्तकृत समूहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि मार्फत आर्थिक तथा सामाजिक सशक्तिकरण गरी नगरपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।

ग) नगरपालिकाको योजना र आयोजनाहरुको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मुल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको औचित्य**

- लैससासमैत्री नीति, कानुन, योजना र कार्यक्रम निर्माण र लैंगिक उत्तरदायी बजेट निर्माणका लागि स्थानीय तहलाई जवाफदेही बनाउन मद्धत गर्दछ ।
- नीति तथा कानुन निर्माण प्रक्रिया, योजना तथा कार्यक्रम र बजेट बाडफाँड प्रक्रिया लैससास दृष्टिले सन्तुलित  भए नभएको लेखाजोखाका आधारमा यथार्थ चित्रण गरी आगामी कार्यदिशा तय गर्न मार्गनिर्देश गर्दछ ।
- लैससासको क्षेत्रमा सुधारका लागि पहिचान गरिएका विषयक्षेत्रहरुलाई स्थानीय तहको वार्षिक योजना किताबमा समावेश हुनेगरी लैससास कार्ययोजना निर्माण गर्न सहयोग गर्दछ ।
- महिला, दलित, अपांगता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरीक लगायतका बञ्चित विभिन्न अन्तर समुहहरुको सचेतना बिस्तार र नेतृत्व विकास गरी निर्णायक तहमा पहुँच बढाउन स्थानीय सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन मद्धत गर्दछ ।
- समष्टीमा लैससास परीक्षणले नगरपालिकामा बसोबास गर्ने सबै प्रकारका वर्ग, लिंग, जातजाती, उमेर समूह, शारिरिक अवस्था र क्षेत्रका मानिसहरुको सशक्तिकरण गरी उनीहरुलाई समग्र विकासको मूलप्रवाहमा जोड्न सहयोग पुर्‍याउछ ।

**लैंगिक परीक्षणमा विश्लेषण गरीएको मुख्य सुचक तथा उपसुचकहरु**

| मुख्य सुचक | उपसुचकहरु | पुर्णांक |
|---|---|---|
| **नीति, कानुन र योजना** | | **२०** |
| | नीति र कानुनमा समावेशीता र सहभागिता | ८ |
| | योजना तर्जुमा तथा कार्यान्वयन | ८ |
| | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ |
| **संस्थागत व्यवस्था** | | **२०** |
| | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ |
| | कार्य प्रणाली समावेशीता | ४ |
| | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ |
| | तथ्यांक संकलन तथा व्यवस्थापन | ४ |
| **मानव संशाधन तथा क्षमता विकास** | | **२०** |
| | मानव संशाधन तथा क्षमता विकास | ८ |
| | अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ |
| | कानुनी साक्षरता | ४ |
| | विपद व्यवस्थापनमा समावेशीता | ४ |
| **सेवा प्रवाह** | | **२०** |
| | पूर्वाधार विकास | ४ |
| | प्रजनन स्वास्थ्य | ४ |
| | शिक्षा कार्यक्रम | ४ |
| | खानेपानी तथा सरसफाई | ४ |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ |
| **सुशासन तथा उत्तरदायित्व** | | **२०** |
| | सुशासन | ४ |
| | उत्तरदायित्व र जवाफदेहिता | ४ |
| | सुचना तथा सञ्चार | ४ |
| | अनुगमन तथा मूल्यांकन | ४ |
| | समन्वय र सम्बन्ध बिस्तार | ४ |

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण अवधीमा अवलम्वन गरिएका विधि तथा तरीकाहरु**

स्थानीय तहका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ मा उल्लेख भए अनुसार रोल्पा नगरपालिकाको लैससास परीक्षण क्रममा ३ वटा चरणहरु अवलम्बन गरिएको छ।

**क) तयारी चरण :**

- **सम्पर्क समन्वय :**

रोल्पा नगरपालिकाको वार्षिक योजनामा लैससास परीक्षण कार्यक्रम तथा बजेट विनियोजन भए बमोजिम महिला बालबालिका तथा जेष्ठ नागरीक शाखाले लैससासा कार्यान्वयन समितिसँग समन्वय गरी लैससास परिक्षण कार्यदलको बैठकबाट निर्णय गरी लैससास परीक्षण कार्यशाला सञ्चालनगर्ने सुनिश्चित गरि बिज्ञ सहजकर्ता छनौट गरिएको थियो ।
कार्यदलको निर्णय अनुसार महिला बालबालिका तथा जेष्ठ नागरीक शाखा प्रमुखले नगर प्रमुख र प्रमुख प्रसासकिय अधिकृतसँगको सहमति र समन्वयमा लैससास परीक्षण मिति, स्थान र समय सुनिश्चित गरिएको थियो । तोकिएको मिति र समयमा लैससास परीक्षण कार्यक्रममा उपस्थितिका लागि नगरकार्यपालिका सदस्य, विषयगत शाखा प्रमुख लगायत अन्य सम्बन्धित सहभागिहरुको सुची तयार गरी आमन्त्रण गरिएको थियो ।

- **प्रारम्भिक सूचना संकलन तथा अध्ययन**

नगरपालिकाका महिला बालबालिका तथा जेष्ठ नागरीक शाखा लगायत अन्य सम्बन्धित शाखा प्रमुख तथा प्रतिनिधीहरुसँगको छलफल र नगरपालिकाको वेबसाइट अध्ययन गरि लैससास परीक्षण कार्यक्रममा आवश्यक पर्ने सहयोगी दस्तावेजहरु संकलन तथा अध्ययन गरिएको थियो । लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण क्रममा पुष्ट्याइका लागि आवश्यक पर्ने स्थानीय नीति तथा ऐन सँग्रह, कार्यविधि, वार्षिक योजना तथा बजेट विनियोजन र कार्यान्वयन अभ्यास, आबधीक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समिक्षा, विकास बुलेटिन, प्रोफाइल, निर्णय प्रतिलिपि र अन्य सम्बन्धित दस्तावेज साथै लैससास सम्बन्धी अन्तराष्ट्रिय कानुनहरुको संकलन गरी अध्ययन गरिएको थियो ।

**(ख) कार्यान्वयन चरण**

- **लैससास परीक्षण कार्यशाला सञ्चालन**
- रोल्पा नगरकार्यपालिकाको आयोजना र लैससास बिज्ञको सहजीकरणमा मिति २०८१।१०।१९ र २० गते लैससास परीक्षण कार्यशाला सम्पन्न भएको छ । उक्त कार्यशालामा लैससास अवधारणा तथा विद्यमान अवस्था साथै लैससास परीक्षण अवधारणा र विधि, प्रक्रिया बारे अभिमूखीकरण गरिएको थियो । साथै कार्यशाला अवधीमा लैससास परीक्षणका मुख्य सुचक, सहायक सुचक र हरेक प्रश्नहरुमा समूह अभ्यास मार्फत स्व मुल्यांकन गरी लेखाजोखाका आधारमा अंक प्रदान गरिएको थियो । लैससास परीक्षण कार्यशालामा नगरपालिकाका प्रमुख, उपप्रमुख, निमित्त प्रमुख प्रसाशकिय अधिकृत लगायत कार्यपालिका सदस्यहरु, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरु र सम्बन्धित सञ्जालका प्रतिनिधीहरुको सहभागिता रहेको थियो ।

- **लैससास परीक्षण सुचक लेखाजोखा तथा प्रश्नावलीहरुमा अंक प्रदान**

लैससास परीक्षण दिग्दर्शन २०७८मा उल्लेखित सुचकहरुमा कार्यशालामा सहभागीहरुको सहभागितामूलक अभ्यासबाट सामूहिक छलफल तथा स्वमुल्यांकन गरि विद्यमान अवस्थाको लेखाजोखाको आधारमा उपयुक्त अंक प्रदान गरिएको छ । न.पा.को विद्यमान अवस्था र अभ्यासहरुको पुष्ट्याइका प्रमाणहरुको आधारमा हरेक प्रश्नमा १ वा ०.५ वा ० अंक प्रदान गर्न सहजकर्ताबाट सहजिकरण गरिएको थियो ।

- **सबल पक्ष, सुधार गनुपर्ने पक्ष, अवसर र चुनौती(SWOT Analysis)विश्लेषण**

लैंङ्गिक समानता, अपांगता भएका व्यक्ति र सामाजिक समावेशीकरणका क्षेत्रमा नगरपालिकाले निर्माण गरेका कानुन तथा नीति र कार्यविधिहरु साथै अवलम्बन गरेका असल अभ्यासहरुको लेखाजोखाबाट प्राप्त नतिजाको आधारमा सबल पक्ष कमजोर पक्ष, अवसर र चुनौतीहरुका विषयमा समूह छलफलको निष्कर्ष प्रस्तुत गरिएको थियो । नगरपालिकाको लैससास संवेदनशिलताको विद्यमान अवस्था विश्लेषण गरी सुधारका उपायहरु पहिचान गर्न SWOT विश्लेषणले सहयोग पुगेको छ ।

- **कार्ययोजना तयारी**

रोल्पा नगरपालिकाको लैससास परीक्षणबाट प्राप्त परिणामका आधारमा लैससासको क्षेत्रमा विद्यमान सबल पक्षहरुलाई कायमै राखी सुधार गर्नुपर्ने पक्षलाई समेट्ने गरि आगामी वर्ष का लागि वार्षिक कार्ययोजना तयार गरिएको छ । उक्त कार्ययोजनामा नगरपालिकाले चालु आर्थिक वर्ष  र आगामी १ वर्ष  भित्र सम्पन्न गर्न सक्ने क्रियाकलाप समावेश गरी प्रतिबद्धता जनाएको छ । उक्त कार्ययोजनामा क्रियाकलाप, पहलकर्ता, निर्णयकर्ता र कार्यान्वयनकर्ताको जिम्मेवारी सहितकार्यक्रम सम्पन्न गर्न लाग्ने समय र थप दायित्व आवश्यकताका बारेमा छलफलगरी अभिलेखिकरण गरिएको छ ।

**(ग) प्रतिवेदन चरण**

यस चरणमा लैससास परीक्षण कार्यशालाका क्रममा सहभागिहरुबाट गरिएको लेखाजोखाको आधारमा आएको नतिजालाई एकिकृत गरी प्रतिवेदन तयार गरिएको हो । सुचकहरु लेखाजोखाका आधारमा तयार भएको उक्त प्रतिवेदन नगरपालिकाका पदाधिकारीहरु र कर्मचारी बिच सेयरीङ गरिएको छ । नगरपालिकामा सम्पन्न भएको सेयरीङबाट आएका सुझावहरु संकलन पश्चात अन्तिम प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गरिएको छ ।

**लैङ्गिक परीक्षणका सहभागीहरु :**

मिति २०८१।०६।१९ र २० गते सञ्चालनभएको २ दिने कार्यशालाबाट रोल्पा नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को लैससास परीक्षण कार्य सम्पन्न भएको छ । लैससास परीक्षणका लागि दिग्दर्शनमा उल्लेख भए बमोजिम नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्यहरु निमित्त प्रमुख प्रशासकिय अधिकृत र सबै विषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । लैससास परीक्षण कार्यशालामा सहभागिहरुको लैंङ्गिक तथा जातीगत विवरण निम्न तालीकामा उल्लेख गरिएको छ ।

**लैससास परीक्षण कार्यशालामा सहभागिहरुको लैंङ्गिक तथा जातीगत विवरण**

| रोल्पा | दलित | | जनजाती | | बाक्षे | | अन्य | | जम्मा | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोल्पा न.पा | म | पु | म | पु | म | पु | म | पु | म | पु | |
| जम्मा | ० | ४ | ९ | ४ | ५ | ६ | ० | ३ | १४ | १७ | ३१ |

**लैससास परीक्षणका औजारहरु :**

- माकुरी जालो विश्लेषण
- बार ग्राफ विश्लेषण
- तालिकाद्धारा अंक विश्लेषण तथा कार्ययोजना प्रस्तुत
- सबल पक्ष, सुधार गर्नु गर्ने पक्ष, अवसर र चुनौतीहरु विश्लेषण (SWOT Analysis)

**लैससास परीक्षणबाट प्राप्त प्रमुख तथ्यहरु (Findings):**

**क) लैससास क्षेत्रमा अवलम्बन गरिएका असल अभ्यासहरु**

- नगरपालिकामा अपांगमैत्री र लैंगिकमैत्री संरचना निर्माण भएको पाइयो जस्तै : अपांगता भएका तथा असक्तहरुका लागि लिफ्टको व्यवस्था, अपांगता भएका व्यक्ति र महिला पुरुषका लागि अलग अलग शौचालय व्यवस्था गरिएको ।
- नगरसभामा ४१ प्रतिशत महिला प्रतिनिधित्व भएको पाइयो ।
- नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय प्रावधानहरुको स्थानीयकरण अभ्यास थालनी जस्तै सिड, बेइजिङ कार्यमञ्चबाट प्रतिपादित १२ ओटा महिला सरोकारका विषयमा कार्यक्रम तय गरी कार्यान्वयन ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई आमासँग उपमेयरसँग कार्यक्रम अन्तर्गत रु १०००। नगद उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिने नीति रहेको ।
- किशोरकिशोरीमैत्री स्वास्थ्य संस्था, संस्थागत सुत्केरी, पुर्ण खोप सुनिश्चितता जस्ता कार्यक्रमको दिगोपनाका लागि विशेष कार्यक्रमको नीति रहेको पाइयो ।
- दक्ष शिक्षक गुणस्तरीय शिक्षा, समृद्ध र समुन्नत रोल्पा नगरपालिका हाम्रो इच्छा भन्ने आदर्श भनाइका साथ आगामी ५ वर्ष सम्म सामुदायिक बिद्यालय सुधार अभियान सञ्चालनगर्ने नीति रहेको ।
- शहिद, बेपत्ता, घाइते, अपांग, द्धन्द्ध पिडित परिवारका सदस्यलाई बिमा कार्यक्रमको नीति रहेको ।
- बाल बिबाह न्यूनिकरण सम्बन्धी पञ्च बर्षिय रणनीतिक योजना निर्माण गरी लागु भएको ।
- छुवाछुत मुक्त नगरपालिका घोषणा कार्यक्रम अभियान सञ्चालन गर्ने नीति रहेको ।
- दलितहरुको पुर्खौली पेशाको आधुनिकिकरणका लागि विशेष व्यवस्था मिलाउने नीति रहेको ।
- बालमैत्री स्थानीय साशन प्रर्वद्धनका लागि सरोकारवालासँग सहकार्य गर्ने नीति रहेको ।
- जेष्ठ नागरीक मिलन केन्द्र, निशुल्क स्वास्थ्य शिविर सञ्चालनगर्ने नीति तथा कार्यक्रम रहेको ।
- हिंसा पिडितहरुको संरक्षणका लागि स्थापना गरेको सेफ हाउसको संस्थागत विकासको लागि विशेष प्रबन्ध गर्ने नीति रहेको ।
- संरक्षण बिहिन बालबालिकाहरुको संरक्षण र उद्धारका लागि विशेष व्यवस्थाको नीति रहेको ।
- सबै खाले अपांग व्यक्तिहरुको हितका लागि नगरपालिकामा अपांग संरक्षण कोषको व्यवस्था गरिएको ।
- महिलाहरुले स्थापना गरेका उद्योग दर्ता र नविकरणमा विशेष छुटको व्यवस्थागर्ने नीति रहेको ।
- नगरपालिकाको १० वटै वडामा एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालनगर्ने नीति रहेको ।
- नगरपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गरी कार्यान्वयन गरिएको
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत समान कामको समान ज्याला लागु गर्ने नीति रहेको ।

- युवा सहितको गाउँ, रोल्पा नगरपालिका समृद्धिको अर्को नाउँ नामक युवा लक्षित कार्यक्रम सञ्चालनगर्ने नीति रहेको ।
- कृषि विकासका लागि घरघरमा नगर भन्ने मूल नाराका साथ उन्नत बिउ वितरण मार्फत सबै घरधुरीमा कार्यक्रम पुर्‍याउने नीति रहेको ।
- विदेशबाट फर्केका र बेरोजगार युवाहरुलाई कृषि पेशामा उत्प्रेरीत गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने नीति रहेको ।

**लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको नतिजा विश्लेषण :**

लैससास परीक्षण दिग्दर्शन २०७८ बमोजिम रोल्पा नगरपालिकाको लैससास परीक्षणको ५ वटा मुख्य सुचक र २२ वटा उपसुचक अन्तर्गतका १०० वटा प्रश्नहरुको लेखाजोखा गरिएको छ । सहभागितामूलक अभ्यासबाट स्वमुल्यांकन गरी हरेक प्रश्नमा सोधिए अनुरुप पुर्णत काम गरेको छ भने अंक १, आंशिक काम भएको अवस्थामा अंक ०.५ र कुनैपनि काम भएको छैन भने ० अंक दिइएको छ ।

लैससास परीक्षण नतिजाको आधारमा रोल्पा नगरपालिकाको सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु पहिचान (SWOT Analysis)भएको छ । सबल पक्षलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने पक्षहरुलाई सम्बोधन हुने गरी आगामी वर्ष को कार्ययोजना समेत निमार्ण गरिएको छ । लैससास परीक्षणबाट प्राप्त तथ्यांक सहितको समग्र नतिजा निम्न तालिका तथा ग्राफ र माकुरी जालोबाट प्रस्तुत गरिएको छ ।

**तालिका १ : लैससास मुख्य सुचक विश्लेषण तालीका रोल्पा नगरपालिका,रोल्पा**

| **रोल्पा न.पा. रोल्पाको लैससास परीक्षण मुख्य सुचक विश्लेषणको प्राप्तांक** | | | |
|---|---|---|---|
| **मुल विषय सुचक** | **सुचक नम्वर** | **पुर्णाङ्क** | **प्राप्ताङ्क** |
| नीति, कानून योजना | १.१.१- १.१.८,१.२.१- १.२.८, १.३.१- १.३.४ | २० | १७ |
| संस्थागत व्यवस्था | २.१.१- २.१.४,२.२.१- २.२.४, २.३.१- २.३.४, २.४.१- २.४.४, २.५.१- २.५.४ | २० | १८.५ |
| मानव संशाधन तथा क्षमता विकास | ३.१.१- ३.१.८,३.२.१- ३.२.४, ३.३.१- ३.३.४, ३.४.१- ३.४.४ | २० | १८.५ |
| सेवा प्रवाह | ४.१.१- ४.१.४,४.२.१- ४.२.४, ४.३.१- ४.३.४, ४.४.१- ४.४.४, ४.५.१- ४.५.४ | २० | २० |
| सुशासन तथा उत्तरदायित्व | ५.१.१- ५.१.४,५.२.१- ५.२.४, ५.३.१- ५.३.४, ५.४.१- ५.४.४, ५.५.१- ५.५.४ | २० | १८.५ |
| | **कुल प्राप्तांक** | **१००** | **९२.५** |

**क) माकुरी जालो १ रोल्पा न.पा.को लैससास परीक्षण मुख्य सुचक विश्लेषण नतिजाप्रस्तुत**




**ख) बारग्राफ १, रोल्पा न.पा.को लैससास परीक्षण मुख्य सुचक विश्लेषण नतिजा प्रस्तुत**



**तालिका २ : रोल्पा नगरपालिकाकोलैससास परीक्षण उपसुचक विश्लेषणको प्राप्तांक प्रस्तुत**

| मुख्य सुचक | पुर्णाङ्क | प्राप्तांक | सि.नं. | सहायक विषय सुचकहरु | कुल अंक | प्राप्तांक |
|---|---|---|---|---|---|---|
| **नीति, कानुन र योजना** | २० | १७ | १ | निति कानूनमा समावेशीता र सहभागिता | ८ | ६.५ |
| | | | २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ७ |
| | | | ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ३.५ |
| **संस्थागत व्यवस्था** | २० | १८.५ | ४ | कर्मचारी तथा पदाधिकारी प्रतिनिधित्व | ४ | ३.५ |
| | | | ५ | कार्यप्रणालीमा समावेशी | ४ | ४ |
| | | | ६ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ४ |
| | | | ७ | वित्त व्यवस्थापन प्रणालीमा समावेशी | ४ | ४ |
| | | | ८ | तथ्यांक संकलन तथा व्यवस्थापन | ४ | ३ |
| **मानव संशाधन तथा क्षमता विकास** | २० | १८.५ | ९ | मानव संशाधन तथा क्षमता विकास | ८ | ७ |
| | | | १० | अनौपचारीक मुल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | ३.५ |
| | | | ११ | कानुनी साक्षरता | ४ | ४ |
| | | | १२ | विपद व्यवस्थापन | ४ | ४ |
| **सेवा प्रवाह** | २० | २० | १३ | पुर्वाधार विकास | ४ | ४ |
| | | | १४ | प्रजनन् स्वास्थ्य | ४ | ४ |
| | | | १५ | शिक्षा कार्यक्रम | ४ | ४ |
| | | | १६ | खानेपानी तथा सरसफाई | ४ | ४ |
| | | | १७ | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | ४ |
| **सुशासन तथा उत्तरदायित्व** | २० | १८.५ | १८ | सुशासन | ४ | ३.५ |
| | | | १९ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ४ |
| | | | २० | सुचना तथा सञ्चार | ४ | ४ |
| | | | २१ | अनुगमन तथा मूल्यांकन | ४ | ३.५ |
| | | | २२ | समन्वय र सम्बन्ध विस्तार | ४ | ३.५ |
| | **जम्मा** | ९२.५ | | **जम्मा** | **१००** | **९२.५** |

**ग) माकुरी जालो २, रोल्पा नगरपालिकाको लैससास परीक्षण उपसुचक विश्लेषण नतिजा प्रस्तुत**

रोल्पा न.पा.कोलैससास परिक्षण उपसुचक परिक्षणबाट प्राप्त नतिजा माकुरी जालोमा प्रस्तुत



## घ) बारग्राफ२, रोल्पा नगरपालिकाको लैससास परीक्षण उपसुचक विश्लेषण नतिजा प्रस्तुत




रोल्पा नगरपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण लेखाजोखाको नतिजा अनुसार यस नगरपालिकाले लैससासको क्षेत्रमा विभिन्न सकारात्मक प्रयासहरु थालनी गरेको पाइन्छ । नगरपालिकाले मूल सुचकहरुमा पुर्णांक१०० मा ९२.५ अंक प्राप्त गरेकोलाई सकारात्मक मानिन्छ भने ५ वटा उपसुचकहरुमा पुर्णांक २० मध्ये चौथो उपसुचक सेवा प्रवाहमा २० पुर्णाङ्कमा २० अंक प्राप्त गरेकोले उत्तम मानिन्छ भने पहिलों उपसुचक नीति तथा कानुनमा समावेशीता र सहभागितामा २० पुर्णाङ्कमा जम्मा १७.५ अंक प्राप्त गरेको र दोस्रो र पाँचौं उपसुचकमा २० पुर्णांकमा १८.५ अंक प्राप्त गरेकोले लैससास विषयसँग सम्बन्धित नीति, कानुन योजना निर्माणमा सुधार, संस्थागत व्यवस्थामा सुधार र सुशाासन प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ ।

नगरपालिकाले महिला, अपांगता भएका व्यक्ति, दलित जनाजती लगायत सिमान्तकृत वर्ग, समुहको विकासका लागि वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी क्षमता विकास तथा सचेतनामुलक कार्यक्रमहरु सञ्चालनगर्ने गरेको छ । लैङ्गिक, जातीगत, तथा परम्परागत गलत सामाजिक अभ्यासहरुका विरुद्ध वडा तहमा जनचेतनामूलक अभिमूखिकरण र विभिन्न दिवसिय कार्यक्रमहरुमा सन्देशमुलक क्रियाकलाप गरी जनचेतना जगाउन पहल गरेको छ । नगरपालिकाले महिला, बालबालिका, अपांगता भएका व्यक्ति, गरिव, बेरोजगार, जेष्ठ नागरीक जस्ता लक्षित समुहका आवश्यकता सम्बोधन गर्न नगरसभाको निर्णय बमोजिम कार्यविधि बनाई कार्यक्रम सञ्चालनशुरुवात गरिएको छ । लक्षित समुहका लागि शुरु गरिएका असल अभ्यासहरु निरन्तरता दिदै संस्थागत गर्नका लागि सबै प्रकारका लक्षित समुहहरुमा अन्तर समुह विश्लेषण साथै समग्रमा महिला पुरुषका व्यबहारीक र नीतिगत आवश्यकता विश्लेषण गरी बास्तविक आवश्यकताका आधारमा योजना तर्जुमा गर्न सकिएमा लैससासमैत्री नगरपालिका सुनिश्चित गर्न सकिन्छ ।

नगरपालिकाको योजना कार्यान्वयनका लागि समुदाय तहमा गठन हुने विभिन्न उपभोक्ता समितिहरुमा प्रमुख ३ पदमध्ये १ पदमा महिलाकोअनिवार्य सहभागिताकार्यान्वयन गरिएको छ । त्यसैगरी समितिको सदस्यहरुमा ४० प्रतिशत महिला सहभागिता कायम हुनुका साथै अन्य जातजाती र समुदायको समावेशी सहभागिता सुनिश्चित गरिएको अभिलेख छ । नगरपालिकाले समावेशी सहभागितालाई निरन्तरता दिदै महिला लगायत अन्य पछाडी पारिएको समुदायका मानिसहरुको क्षमता विकास कार्ययोजना बनाई लागु गर्न सकेमा सबै प्रकारका जातजाती, क्षेत्र, लिंग र पछाडी पारिएका वर्ग, समुदायलाई विकासको मूलप्रवाहमा जोड्न सहज हुन्छ । नगरपालिका भवन लैंगिकमैत्री र अपांगमैत्री भएको कुरा यहाँ रहेको लिफ्टको व्यवस्था, स्तनपानकक्ष, अपांग र महिलाका लागि अलग अलग शौचालयको व्यवस्थाले स्पष्ट पार्दछ । यस प्रकारको लैससासमैत्री सेवा प्रवाह प्रणाली संस्थागत गर्न सकेमा लक्षित समूहलाई प्रत्यक्ष लाभ हासिल गर्न सहज वातावरण सुनिश्चित हुन्छ । यसैगरी नगरापालिका क्षेत्रभित्र रहेका सबै सार्वजनिक निकायहरुमा लैङ्गिकमैत्री शौचालय, स्तनपान कक्ष, अपांग एबं बालमैत्री भवन जस्ता संस्थागत संरचना निर्माणका लागि समेत नगरपालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । ,

नगरपालिकालाई लैससास दृष्टिले सम्वेदनशिल बनाउन विद्यमान समग्र नीति तथा कानुनहरु लैससासको दृष्टिले उपयुक्त भए नभएको विश्लेषण र पुनरावलोकन गरी आवश्यकता अनुसार परिमार्जन गर्न आवश्यक देखिन्छ । नगरपालिकाबाट लैससास नीति, रणनीति, लक्षित समूहसँग सम्बन्धित कार्यविधिहरु निर्माण भएकोले उक्त नीति तथा कार्यविधिलाई योजना तर्जुमा चरणमा अनिवार्य कार्यान्वयनमा ल्याउन सकेमा सबै प्रकारका महिला, अपाङ्ग, दलित, अति विपन्न तथा बञ्चितिमा परेका समुदायको समावेशी विकास सुनिश्चित हुन सक्ने देखिन्छ । लैससास सम्बन्धी संघिय कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्धता स्थानीयकरण गर्न मानव संशाधन क्षमता विकास सम्बन्धी कार्ययोजना बनाई लागु गर्न आवश्यक देखिन्छ । लैससासमैत्री नगरपालिका बनाउन विशेष गरी लैङ्गिक उत्तरदायी बजेट प्रणालीको विकास र नियमित लैससास परीक्षण र लैससासमैत्री नीति तथा कानुनको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ ।

**रोल्पा नगरपालिकाको लैससास परिक्षण नतिजाको आर्थिक वर्ष  अनुसार तुलनात्मक विश्लेषण**

| क.स | मुख्य सुचक र उपसुचक | पुर्णाङ्क | | आर्थिक वर्ष  अनुसार प्राप्ताङ्क | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६।०७७ | २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ |
| १ | **नीति, कानुन र योजना** | २० | **Not Applicable** | **१३.५** | **१५.५** | **१८.५** | **१६.५** | **१७** |
| | नीति कानुनमा समावेशीता र सहभागिता | ८ | | ५ | ६ | ७.५ | ६ | ६.५ |
| | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | | ५.५ | ६.५ | ७ | ७ | ७ |
| | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | | ३ | ३ | ४ | ३.५ | ३.५ |
| २ | **संस्थागत व्यवस्था** | २० | | **१३** | **१६** | **१७** | **१६** | **१८.५** |
| | कर्मचारी तथा पदाधिकारी प्रतिनिधित्व | ४ | | **३** | ३ | ३.५ | ३.५ | ३.५ |
| | कार्यप्रणालीमा समावेशी | ४ | | १.५ | २.५ | २.५ | ३.५ | ४ |
| | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | | २.५ | ३.५ | ४ | ३ | ४ |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशी | ४ | | २.५ | ४ | ३ | ४ | ४ |
| | तथ्यांक संकलन तथा व्यवस्थापन | ४ | | ३.५ | ३ | ४ | २ | ३ |
| ३ | **मानव संशाधन तथा क्षमता विकास** | २० | | **१०** | **१२.५** | **१४.५** | **१५** | **१८.५** |
| | मानव संशाधन तथा क्षमता विकास | ८ | | २ | ३ | ५.५ | ७ | ७ |
| | अनौपचारीक मुल्यमान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | | ३ | ३ | ३ | ३ | ३.५ |
| | कानुनी साक्षरता | ४ | | १.५ | २.५ | २ | २ | ४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बिपद व्यवस्थापन | ४ | | ३.५ | ४ | ४ | ३ | ४ |
| **४** | **सेवा प्रवाह** | **२०** | | **१६** | **१५** | **१९** | **१८** | **२०** |
| | पुर्वाधार विकास | ४ | | २.५ | २ | ४ | ३.५ | ४ |
| | प्रजनन् स्वास्थ्य | ४ | | ३ | २.५ | ४ | ३.५ | ४ |
| | शिक्षा कार्यक्रम | ४ | | ४ | ३.५ | ४ | ४ | ४ |
| | खानेपानी तथा सरसफाई | ४ | | २.५ | ४ | ४ | ३.५ | ४ |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | | ४ | ३ | ३ | ३.५ | ४ |
| **५** | **सुशासन तथा उत्तरदायीत्व** | **२०** | | **१९** | **१३** | **१३** | **१३.५** | **१८.५** |
| | सुशासन | ४ | | ४ | ३.५ | ३.५ | २ | ३.५ |
| | उत्तरदायित्वर जवाफदेहिता | ४ | | ४ | २.५ | २.५ | ३.५ | ४ |
| | सुचना तथा सञ्चार | ४ | | ४ | २.५ | २.५ | ३.५ | ४ |
| | अनुगमन तथा मूल्यांकन | ४ | | ३.५ | ३ | ३ | २.५ | ३.५ |
| | समन्वय र सम्बन्ध विस्तार | ४ | | ३.५ | १.५ | १.५ | २ | ३.५ |
| | **जम्मा** | **१००** | | **७१.५** | **७२** | **८२** | **७९** | **९२.५** |

**रोल्पा नगरपालिकाको निर्णायक तहमा प्रतिनिधित्व विश्लेषण :**

देशको संघिय संरचना अनुरुप तीन तहको सरकार मध्ये स्थानीय तह विशेष गरी जनतासँग प्रत्यक्ष सरोकार राख्ने र जनताले चाहेको कुनै पनि समयमा भेटीने सरकारको मान्यता राखिन्छ । बि.सं. २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनबाट तोकिएको संख्यामा जनप्रतिनिधीहरु निर्वाचित भई रोल्पा नगरकार्यपालिका र नगरसभा क्रियाशिल छ । साथै कानुनमा व्यवस्था भएबमोजिम कार्यपालिकाको निर्णयबाट विभिन्न समिति, उपसमिति र कार्यदल गठन गरी परिचालन गरिएको छ । नगरपालिकाको नितिगत तहमा नेतृत्वकर्ताहरुको लैङ्गिक तथा जातीगत रुपमा विद्यमान प्रतिनिधित्वलाई विश्लेषण गरी निम्न ग्राफ तथा पाइचार्टद्धारा प्रस्तुत गरिएको छ ।

**क) रोल्पा नगरपालिकाको नगरकार्यपालिकामा लैंङ्गिक तथा जातीगत प्रतिनिधित्व विश्लेषण :**







**ख) स्थानीय तह निर्वाचनबाट निर्वाचित रोल्पा नगरसभामा लैंङ्गिक तथा जातीगत प्रतिनिधित्व**






रोल्पा नगरपालिकाको विद्यमान नगरसभा र नगरकार्यपालिकाको संरचनागत बिवरण अनुसार लैंङ्गिक तथा जातीगत हिसाबले समावेशी सहभागिता रहेका छ जसलाई सकारात्मक अभ्यासको रुपमा लिन सकिन्छ । नगरकोर्यपालिकामा प्रतिनिधित्व गर्ने जम्मा जनप्रतिनिधी १९जना मध्ये महिला सहभागिता ६ जना अर्थात ३२ प्रतिशत रहनुलाई सकारात्मक मानिएपनि कानुनतः व्यवस्था गरिएको कम्तीमा ३३ प्रतिशत सुनिश्चित गर्न सम्बन्धित राजनितिक दल लगायत सबै सरोकारवाला पक्षले ध्यान दिन जरुरी छ । साथै निर्णायक तहमा महिला सहभागिता वृद्धिका लागि नगरपालिकाबाट लक्षित वर्ग समुहका लागि क्षमता विकास कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

नगरपालिकाको नीति निर्माणको सर्बोच्च अंग मानिने नगरसभामा जातीगत रुपले समावेशी र लैंङ्गिक रुपले महिला सहभागिता काननुतः व्यवस्था भएको ३३ प्रतिशत सुनिश्चित भएको छ । विद्यमान नगरसभामा ४० प्रतिशत महिला सहभागिता रहनुलाई नीतिगत तहमा प्रतिनिधित्वको सकारात्मक अभ्यास मानिन्छ । नगरसभा लगायत कार्यपालिकामा रहेको लक्षित समूहको सहभागितालाई अर्थपुर्ण बनाउनका लागि वार्षिक कार्ययोजनामा समावेश गरी क्षमता विकासका कार्यक्रम सञ्चालनगर्न जरुरी देखिन्छ । नगरपालिका प्रमुख र उपप्रमुख पद मध्ये कुनै एक पदमा कानुनत महिला अनिवार्य व्यवस्था कार्यान्वयन भएको छ । नगरपालिकामा १० ओटा वडा मध्ये १० वटै वडामा पुरुष सहभागिता रहेपनि जातीगत हिसाबले भने समावेशी सहभागिता रहेको छ ।

सामाजिक समावेशीकरणले जातजातीको मात्र सहभागिता नभई अन्तरसमूहगत सहभागिता जनाउछ भन्ने कुरामा सजग हुन आवश्यक देखिन्छ । समग्रमा नगरपालिकाको नगरसभा र कार्यपालिका जातीगत रुपमा समावेशी देखिएपनि निर्णायक भूमिकामा लैगिक रुपले सन्तुलित बनाउन राजनैतिक नेतृत्वहरुबाट लैंगिक संवेदनशिलता अवलम्बन गर्न आवश्यक देखिन्छ । साथै महिलाहरुको नेतृत्व विकास र अधिकार दावी गर्न सक्ने क्षमता विकासका लागि नगरपालिकाबाट क्षमता विकास कार्ययोजनालाई प्राथमिकतामा राखी नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्नपर्ने हुन्छ । नगरपालिकाको समावेशी अभ्यासलाई चुस्त दुरुस्त बनाई निरन्तरता दिन सकेमा महिला लगायत पछाडी पारिएको वर्ग समुदायको समग्र विकास प्रक्रियामा मूलप्रबाहिकरण भई समानतामुलक विकास सम्भव हुने देखिन्छ ।

**ख) रोल्पा नगरापीलकामा कार्यरत कर्मचारी विवरण :**

रोल्पा नगरपालिकाको प्रशासनिक तथा नीति, योजना एबं कार्यक्रम कार्यान्वयनको जिम्मेवारी बहन गर्नका लागि कर्मचारी तन्त्रको व्यवस्थापन गरिएको हुन्छ । नगरपालिकाको समग्र कर्मचारी र वडा सचिवहरुको समेत संलग्नतालाई सुची तयार गरी लैंगिक तथा जातीगत सहभागिताको अवस्था विश्लेषण गरिएको छ । कर्मचारी तहमा कार्यरत कूल कर्मचारीहरु साथै अधिकृत वा सो भन्दा माथिको पदमा कार्यरत र पाचौ तह र सो भन्दा तलकोपदमा कार्यरत कर्मचारीको लैंङ्गिक तथा जातीगत बिवरण विश्लेषण गरी निम्न ग्राफ तथा पाइचार्टद्धारा प्रस्तुत गरिएको छ ।

क) रोल्पा नगरपालिकामा कार्यरत कूल कर्मचारीको लैंङ्गिक तथा जातीगत बिवरण







ख) रोल्पा नगरपालिकामा कार्यरत कूल कर्मचारी मध्ये अधिकृत वा सो भन्दा माथिको पदमा कार्यरत कर्मचारीको लैंङ्गिक तथा जातीगत बिवरण






### ग) रोल्पा न.पा.मा कार्यरत अधिकृत भन्दा न्यून पदमा कार्यरत कर्मतारीको लैंगिक तथा जातीजत बिवरण







रोल्पा नगरपालिकामा कार्यरत कार्यरत कर्मचारी र १० वटै वडामा कार्यरत वडा सचिवको समेत विवरण संलग्न गरिएको छ । माथि उल्लेखित पाइ चार्ट र बारग्राफ अनुसार नगरपालिकाका जम्मा कर्मचारीहरु मध्ये महिला कर्मचारी संख्या ३८ प्रतिशत छ । कूल कर्मचारीको आकारमा महिला कर्मचारी न्यूनतम ३३ प्रतिशत भन्दा बढी हुनुलाई सकारात्मक मानिन्छ ।

नगरपालिकामा कार्यरत कूल कर्मचारीहरु मध्ये अधिकृत वा सो भन्दा माथिको तहमा कार्यरत महिला संख्या शून्य छ भने पाँचौ तह वा सो भन्दा न्यून पदमा कार्यरत महिला कर्मचारी संख्या ३८ प्रतिशतले रहेको पाइन्छ । यसरी हेर्दा लैससास परीक्षण दिग्दर्शन २०७८ ले परिकल्पना गरे अनुरुप महिला पुरुष कर्मचारी संख्या ५०।५० प्रतिशत पुग्न नसके पनि कानुनत व्यवस्था गरिएको कम्तीमा ३३ प्रतिशत महिला सहभागिता रहेको विषयलाई सकारात्मक मान्न सकिन्छ । विभिन्न विषयगत शाखा प्रमुख तथा वडा सचिव पदमा रही महिलाले जिम्मेवारी निर्वाह गर्नुलाई पदिय हिसाबले अधिकृत भन्दा न्यून पदको भएपनि जिम्मेवारीका हिसाबले महिलाहरु पनि निर्णय गर्ने भूमिकामा रहेको पाइन्छ । कर्मचारीहरुमा जातीगत हिसाबले समावेशी देखिए पनि सबै जातजातीमा महिला भन्दा पुरुषहरुकै सहभागिता बढी रहेको पाइन्छ भने दलित महिला कर्मचारी संख्या शून्य रहेको छ । स्थायी कर्मचारीको पदपूर्ति स्थानीय तहको अधिकार क्षेत्रभन्दा बाहिरको विषय भएकोले नगरपालिकाले चाहेर पनि लैंङ्गिक तथा समावेशी सन्तुलन बनाउन नसक्ने अवस्थालाई यथार्थ मानिन्छ । नगरपालिकाले आन्तरीक रुपमा करार कर्मचारी कार्यविधिको प्रभावकारी कार्यान्वयन गरिएमा लक्षित समूहबाट कर्मचारी थप गरी लैंगिक तथा समावेशी बनाउन सकिन्छ ।

नगरपालिका जनतासँग प्रत्यक्ष सरोकार राख्ने नजिकको र जनताले सहजै भेट्न र आफ्ना आवश्यकताहरु माग राख्न सक्ने सरकार भएकोले पनि नगरकार्यपालिका, नगरसभा लगायत यस अन्तर्गतका विभिन्न समिति उपसमिति र कार्यदलहरु लगायत कर्मचारीहरुको व्यवस्थापन समावेशी भएकोले पनि स्थानीय स्रोत तथा सेवा प्रणालीलाई लैससासमैत्री बनाई सबै प्रकारका समुदायको सहज पहुँच सुनिश्चित गर्न सहज वातावरण सृजना भएको पाइन्छ ।

## रोल्पा नगरपालिकाको लैससास क्षेत्रमा सबल पक्ष, कमजोरु पक्ष, अवसर र चुनौती (SWOT Analysis)

| विषय क्षेत्र | सबल पक्ष (१ अंक प्राप्त गरेको सुचक नं) | सुधार गर्नुपर्ने पक्ष (०.५ र ० अंक प्राप्त गरेको सुचक नं) | अवसर | चुनौती |
|---|---|---|---|---|
| नीति कानुन र योजना | १.१.३, १.१.४, १.१.५, १.१.६., १.२.३, १.२.४, १.२.५, १.२.६, १.२.७, १.२.८, १.३.१, १.३.२, १.३.३, | १.१.२, १.१.७, १.१.८, १.२.१., १.२.२, १.३.४ | ▪ नगर कार्यपालिकामा लैंगिक र समावेशी सहभागिता हुनुका साथै अधिकांश युवा नेतृत्व रहेकोले कार्यान्वयन गर्न सहज ।<br>▪ संघ तथा प्रदेशका कानुनहरु स्थानीय तह अनुकुल कानुन निर्माणका लागि सहयोगी दस्तोजको रुपमा उपयोग गर्न सकिने ।<br>▪ लैससास क्षेत्रमा काम गर्न सहयोगी संस्थाहरुबाट सहकार्य रहेको ।<br>▪ जनप्रतिनिधि र कर्मचारीहरुलाई लैससासको बारेमा विषयमा विभिन्न समयमा अभिमूखिकरण गरिएको ।<br>▪ लक्षीत समूहको सशक्तिकरणका लागि जनप्रतिनिधी र कर्मचारीहरु सकारात्मक रहनु ।<br>▪ स्थानीय तहलाई स्थानीय सरोकारका विषयमा कानुन बनाई कार्यान्वयन गर्न सक्ने अधिकार प्राप्त हुनु । | ▪ नीति तथा कानूनहरु मस्यौदा तयार गर्दा पर्याप्त छलफल नगरी काम सक्ने प्रवृत्ति ।<br>▪ वार्षिक योजना तर्जुमा र कार्यक्रम तयार गर्दा आबधीक योजना र लैससास सम्बन्धी निर्माण गरिएको नीति रणनीतिहरुले सम्बोधन गरेका विषयमा छलफल वा परामर्शको अभ्यास कम रहनु ।<br>▪ लैससास विषयमा व्यापक छलफल हुन नसक्नु ।<br>▪ नीति तथा कानुन निर्माण गर्दा सैद्धान्तिक तथा समग्र विषयमा बढी केन्द्रीत हुनु ।<br>▪ लैससास अवधारणा र बुझाइमा एकरुपता ल्याउन नसक्नु ।<br>▪ परम्परागत सोचको हावी ।<br>▪ सबै प्रकारका लक्षीत समूहको सशक्तिकरण |

| | | | | |
|---|---|---|---|---|
| | | | | ▪ लैससास विषयलाई प्राथमिकतामा राख्न नसक्नु । |
| **संस्थागत व्यवस्था** | २.१.२, २.१.३, २.१.४, २.२.१, २.२.२, २.२.३, २.३.१, २.३.२, २.३.३, २.३.४, २.४.१, २.४.२, २.४.३, २.४.४, २.५.२, २.५.४, | २.१.१, २.२.४, २.५.१, २.५.३, | ▪ स्थानीय तह आफैले स्थानीय सरकारको नीति, कार्यविधि र आवश्यक कानून निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरिएको ।<br>▪ संस्थागत रुपमा लैससास हेर्ने छुट्टै महिला बालबालिका तथा जेष्ठ नागरीक शाखालाई लिखित जिम्मेवारी तोकिएको ।<br>▪ विभिन्न सार्वजनिक फोरमहरुमा लैससास विषयले महत्व पाउन थालेको।<br>▪ कार्यपालिका र नगरसभामा समावेशी सहभागिता रहेको ।<br>▪ केही विषयगत शाखा तथा वडामा प्रमुख जिम्मेवारीमा महिला कर्मचारीहरु कार्यरत रहनु ।<br>▪ नगरपालिका भित्रका विभिन्न समिति उपसमिति र कार्यदलमा सबै पक्षको समावेशी सहभागिता रहनु । | ▪ कर्मचारीहरु स्थाइ पदमा लोकसेवाबाट सिफारिस हुने हुदा दरबन्दी संख्या बराबरी गर्न कठिन ।<br>▪ कानुनले तोके भन्दा अन्य पदमा जनप्रतिनिधीहरुसमावेशी गर्ने तर्फ ध्यान जान नसक्नु ।<br>▪ लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण बहसको विषय रहेपनि सोही अनुरुप सबै पक्षबाट व्यबहारत कार्यान्वयनको विषय बन्न नसक्नु ।<br>▪ लैंङ्गिक उत्तरदायी बजेट विश्लेषण नियमित तथा संस्थागत गर्न पहलकदमी नपुग्नु ।<br>▪ नगरपालिका लगायत सबै सार्वजनिक निकायमा लैससासमैत्री संरचना निर्माण ।<br>▪ सिमित बजेटबाट लक्षीत वर्गका असिमित आवश्यकता समेट्नु पर्ने ।<br>▪ समग्रतामा योजना छनौट गर्ने परिपाटीले गर्दा लक्षीत वर्गको आवश्यकता तथा समस्या पहिचान र विश्लेषणले कम प्राथमिकता पाउनु ।<br>▪ नगरपालिकामा बसोबास गर्ने सबै प्रकारका लक्षित अन्तर समुहगत |

| | | | | |
|---|---|---|---|---|
| | | | | खण्डिकृत तथ्यांक संकलन र अद्यावधिक । |
| **मानव संशाधन र क्षमता विकास** | ३.१.१, ३.१.२, ३.१.३, ३.१.४, ३.१.७, ३.१.८, ३.२.१, ३.२.३, ३.२.४, ३.३.१, ३.३.२, ३.३.३, ३.३.४, ३.४.१, ३.४.२, ३.४.३, ३.४.४ | ३.१.५, ३.१.६, ३.२.२, | ▪ विद्यमान विषयगत मानव संशाधनको रोष्टर तयार गरी परिचालन गर्न सकिने ।<br>▪ विभिन्न सहयोगी निकायहरुले मानव स्रोतको विभिन्न विषयमा क्षमता विकासका लागि सहयोग गरि रहेको।<br>▪ विपद् व्यवस्थापन सम्बन्धी संयन्त्रहरुमा लैङ्गिक प्रतिनिधित्व सुनिश्चित गरिएको ।<br>▪ लक्षीत तथा बञ्चित समुहको विद्यमान अवस्था तथा समस्या विश्लेषणका आधारमा योजना बनाई सशक्तिकरण बढाउन सकिने ।<br>▪ कर्मचारी तथा जनप्रतिनिधीको क्षमता विकास कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न सकिने । | ▪ सक्रिय सहभागिता र प्रतिवद्धताको अभाव<br>▪ दोहोरो समन्वयको कमी<br>▪ सिमित बजेट असिमित आवश्यकता ।<br>▪ उपलब्ध जनशक्तिको दक्षता र मनोवल तथा इच्छाशक्ति ।<br>▪ लैससास विषयमा कार्य गर्न पर्याप्त मानव स्रोतको व्यवस्थापन ।<br>▪ लक्षीत समुदायबाट पूर्वाधार योजना मागमा बढी जोड दिने भएकोले क्षमता विकास लगायत जनचेतनाका कार्यक्रम कम प्राथमिकतामा पर्नु ।<br>▪ नगरपालिकामा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीहरुको क्षमता तथा नेतृत्व विकास । |
| **सेवा प्रवाह** | ४.१.१, ४.१.२, ४.१.३, ४.१.४, ४.२.१, ४.२.२, ४.२.३ ४.२.४, ४.३.१, ४.३.२, ४.३.३, ४.३.४, ४.४.१, ४.४.२, ४.४.३, ४.४.४, ४.५.१, | | ▪ नगरपालिकाबाट नियमित रुपमा डिजिटल माध्ययमबाट खण्डिकृत तथ्यांक संकलन तथा अद्यावधिक गर्न सकिन्छ ।<br>▪ सेवा प्रवाह गर्ने निकायमा समावेशी सहभागिता रहेको ।<br>▪ बेरोजगार सुचीकृत तथा गरिबी नक्सांकन लाई आधार बनाई योजना तथा कार्यक्रम निर्माण गर्न सकिने ।<br>▪ समुदायमा गठन भएका टोल विकास संस्थाहरु सक्षम बनाई परिचालन गर्न सकिने<br>▪ लक्षित समुहका लागि निश्चित प्रतिशत बजेट | ▪ सबै प्रकारको सेवा प्रवाह प्रविधिमैत्री बनाउने विषय ।<br>▪ लक्षित समूहका सबै प्रकारका आवश्यकता पहिचान र विश्लेषण गर्ने विषय ।<br>▪ सबै सेवा प्रदायक निकायहरुमा लैससासमैत्री व्यबहार र कार्यप्रणाली अवलम्वन ।<br>▪ महिला, बालबालिका, अपांगमैत्री संरचना निर्माणमा पर्याप्त बजेट व्यवस्थापन । |

| | | | | |
|---|---|---|---|---|
| | ४.५.२, ४.५.३, ४.५.४ | | विनियोजन गरी कार्यान्वयन गर्न सकिने ।<br>▪ श्रमिक लगत संकलन कार्यविधि बनेको र सूचिकरण कार्य अगाडि बढेको। | ▪ इच्छाशक्ति र कार्य तत्परता ।<br>▪ लक्षीत वर्ग समुदायलाई विद्यमान कानुनी प्रावधान बारे पर्याप्त जानकारीको अभाव ।<br>▪ लक्षित वर्ग समुदायको क्षमता विकास ।<br>▪ गरिवी तथा पछौटेपना ।<br>▪ पर्याप्त जनचेतनाको कमी । |
| **सुसन र उत्तरदायी त्व** | ५.१.१, ५.१.२, ५.१.४, ५.२.१, ५.२.२, ५.२.३, ५.२.४, ५.३.१, ५.३.२, ५.३.४, ५.३.३, ५.४.१, ५.४.३, ५.४.४, ५.५.१, ५.५.२, ५.५.३, | ५.१.३, ५.४.२, ५.५.४ | ▪ लैससास नीति, रणनीति र लैंगिक उत्तरदायी बजेट विश्लेषण कार्यविधि बनाई कार्यान्वयन गर्न सकिने ।<br>▪ सुचना शाखा प्रविधिमैत्री बनाउन सकिने ।<br>▪ नगरपालिका भित्र बसोबास गर्नेजनसंख्यामा पर्याप्त लक्षीत वर्ग समुदाय रहनु ।<br>▪ सुशासनमैत्री नीति बनाई अवलम्वन गर्न सकिने<br>▪ खण्डिकृत तथा समावेशी सुचना प्रणालीको व्यवस्थापनगर्न सकिने ।<br>▪ सुशाासन अबलम्वनका औजारहरुलाई संस्थागत गर्न सकिने । | ▪ सार्वजनिक सरोकारका सूचनाहरु सबै लक्षित वर्ग सम्म पुऱ्याउने कार्य ।<br>▪ नगरपालिकाले नियमित प्रकासित गर्ने सबै प्रकारका सुचनाहरु सबैलाई जानकारी हुन्छ भन्ने मान्यता राख्नु ।<br>▪ सबै प्रकारका लक्षीत वर्ग समुहको सशक्तिकरण ।<br>▪ टोलटोलमा सामाजिक जागरण र जनचेतनामूलक कार्यक्रमको व्यापकता ।<br>▪ सुचना प्रणाली लैससासमैत्री बनाउने ।<br>▪ |

## रोल्पा नगरपालिकाको लैससास कार्यान्वयन सम्बन्धी चालु आ.ब. र आर्थिक वर्ष २०८२।०८३ का लागि वार्षिक कार्ययोजना

| **मूल शिर्षक** | | **अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप** | **क्रियाकलाप सञ्चालनगर्ने जिम्मेवारी** | | | **समयाबधी** | **थप दायित्व** | |
|---|---|---|---|---|---|---|---|---|
| **पुर्णाङ्क** | **प्राप्ताङ्क** | | **पहलकर्ता** | **निर्णयकर्ता** | **कार्यान्वयनकर्ता** | | **पर्ने** | **नपर्ने** |
| **नीति कानुन योजना** (२०) | १७ | | | | | | | |
| नीति र कानुनमा समावेशीता सहभागिता (८) | ६.५ | १.१.२ नगरपालिकाले निती, कानुन,योजना जारी गर्नु भन्दा पहिला लैससास दृष्टिले उपयूक्त भए नभएको बारेमा लेखाजोखा गरी मस्यौदा समिति र कार्यपालिकाको निर्णय अभिलेख राख्ने | म.बा. तथा जे. ना. शाखा/लै.स सा.स समिि | कार्यपालिका | कार्यपालिका | चालु आ.वर निरन्तर | | नपर्ने |
| | | १.१.७ र १.१.८नगरपालिकाको नीतिमा रैथाने र आप्रबासी कामदार तथा श्रमजिवी उपर हुने बिभेद रोक्ने कार्यविधि निर्माण गरी लागु गर्ने | रोजगार सेवा केन्द्र, /प्र प्र अ. | कार्यपालिका | विषयगत शाखा, सबै वडा, ससरोकारवाला र समुदाय | चालु आ.व चैत्र मसान्त सम्म । | विषय बिज्ञ | नपर्ने |
| | | १.२.१.लैससास विकासका लागि पालिकाको वार्षिक योजना तथा कार्यक्रममा मापनयोग्य लक्ष्य निर्धारणलाई अनिवार्य गर्ने । | योजना शाखा | कार्यपालिका | कार्यपालिका | आगामी आ.ब. | | थप बजेट |
| योजनातर्जुमा तथा कार्यान्वयन (८) | ७ | १.२.२. हरेक वर्ष लक्षित समुहका लागि कूल बजेटबाट निश्चित प्रतिशतमा निर्धारण गरी छुट्याउने र सोको अभिलेख दुरुस्त राख्ने । | योजनाशाखा /लैससास का.स. | कार्यपालिका | सबै वडा र विषयगत शाखा | आ.ब. २०८२।०८३ | | नपर्ने |
| | | १.२.४ योजना तर्जुमा चरणमा महिला र बञ्चित समूहका व्यबहारीक र रणनीतिक आवश्यकता पहिचान गरी | योजनाशाखा /लैससास का.स. | कार्यपालिका | सबै वडा र विषयगत शाखा | आ.ब. २०८२।०८३ | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण गरिएको योजनातथा कार्यक्रमको अलग अलग अभिलेख राख्ने । | | | | | | |
| बजेट तर्जुमा तथा कार्यान्वयन (४) | ३.५ | १.३.४. लक्षित समूहका लागि विनियोजन हुने सबै बजेट तथा कार्यक्रम समयमै खर्च गरी प्रतिवेदन राख्ने । | लैससास कार्यान्वयन समिति, | कार्यपालिका, | सबै वडा, सबै विषयगत शाखा | आ.ब. २०८२।०८३ | | नपर्ने |
| **संस्थागत व्यस्था (२०)** | **१८.५** | | | | | | | |
| कर्मचारी पदाधीकारी प्रतिनिधित्व(४) | ३.५ | २.१.१ नगरपालिकाको करार कर्मचारी भर्ना कार्यविधि लैससासमैत्री गराई प्रभावकारी कार्यान्वयन गर्ने गराउने । | कर्मचारी पदपूर्ति समिति /प्र प्र अ. | कार्यपालिका | नगरपालिका र कर्मचारी पदपूर्ति समिति | निरन्तर | | नपर्ने |
| कार्यप्रणाली समावेशी (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | कार्यपालिका | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| समिति उपसमिति कार्यदलमा प्रतिनिधित्व (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | कार्यपालिक ा | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| बित्त व्यवस्थाप प्रणालीमा समावेशीता (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | कार्यपालिका | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| तथ्यांक संकलन तथा व्यवस्थापन (४) | ३ | २.५.१. न.पा.ले खण्डिकृत तथ्यांक संकलन गरी प्रोफाइल अद्यावधिक गर्ने कार्यलाई नियमित गर्ने । | सुचना शाखा, सा.बि.शा. | नगरसभा, कार्यपालिका | सुचना शाखा, सबै विषयगत शाखा,सबै वडा | आ.ब. २०८२।०८३ | थप बजेट र मानव स्रोत | |
| | | २.५.३. स्थानीय विकासका योजना निर्माण गर्दा नगरको प्रोफाइल र अन्य संकलित सुचनालाई आधार मान्ने | योजना शाखा | कार्यपालिका, नगरसभा | सबै वडा, सबै विषयगत शाखा | आ.ब. २०८२।०८३ | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्यलाई संस्थागत गर्ने । | | | | | | |
| **मानव संशाधन तथा क्षमता विकास** (२०) | **१८.५** | | | | | | | |
| मानव संशाधनतथाक्षमताविकास (८) | ७ | ३.१.५. तालिम दिन सक्ने बिथयगत बिज्ञ पहिचान गरी परिचालन गर्न विद्यमान मानवस्रोतको रोष्टर तयार गर्ने । | प्रशासन शाखा, | कार्यपालिका, नगरसभा | प्रशासन शाखा | आ.ब. २०८२।०८३ | थप बजेट | |
| | | ३.१.६.मानवसंशाधन इकाई तोक्ने वा प्रशासन शाखालाइजिम्मेवारी बहन गर्नेगरी लिखित कार्यशर्त तोकी परिचालन गर्ने । | प्र प्र अ. | कार्यपालिका | प्रशासन शाखा | चालु आ.व | | नपर्ने |
| अनौपचारिक मुल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना (४) | **३.५** | ३.२.२. लैंगिक हिंसा रहित नगर घोषणा सम्बन्धीआबधीक रणनीतिक योजना बनाई कार्यान्वयन गर्ने | म. बा. तथा जे.ना.शाखा, /लैससास का. स. | कार्यपालिका | सबै विषयगत शाखा, वडा र सरोकारवाला | आ.व२०८२।०८३ | थप बजेट | थप बजेट |
| कानुनी साक्षरता (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | लैससास का.समिति | कार्यपालिका | सबै | निरनत्र | | नपर्ने |
| बिपद व्यवस्थापनमा समाबेशीता(४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | लैससास का.समिति | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| **सेवा प्रवाह (२०)** | २० | | लैससास का.समिति | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| पूर्वाधार विकास (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | लैससास का.समिति | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| प्रजनन् स्वास्थ्य (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | लैससास का.समिति | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| शिक्षा कार्यक्रम (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | लैससास का.समिति | कार्यपासलका | सबै | निरन्तर | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी तथा सरसफाई (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | लैससास का.समिति | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| स्वरोजगार आयआर्जन तथा बजार व्यवस्थापन (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | लैससास का.समिति | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| **सुशासन तथा उत्तरदायित्तव (२०)** | **१८.५** | | | | | | | |
| सुशासन (४) | ३.५ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | लैससास का.समिति | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| उत्तरदायित्तव र जवाफदेहिता (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | लैससास का.समिति | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| सुचना तथा संचार(४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने प्रतिबद्धता । | लैससास का.समिति | कार्यपालिका | सबै | निरन्तर | | नपर्ने |
| अनुगमन तथा मुल्यांकन (४) | ३.५ | ५.४.२. नगरपालिकाबाट संचालीत समग्र योजना तथा कार्यक्रमहरुबाट लैससासको हिसाबले महिला, अपांग, दलित लगायत लक्षित समुहलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गरी अभिलेख तयार गर्ने व्यवस्था गर्ने । | लैससास कार्यान्वयन. समिति, /अनुगमन समिति | कार्यपालिका | लैससास का. समिति, अनुगमन स., सबै विषयगत शाखा | निरन्तर | | नपर्ने |
| समन्वय र सम्बन्ध बिस्तार (४) | ३.५ | ५.५.४.महिला महासन्धी, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गर्ने | म. बा. लथा जे. ना. शाखा, सबै वडा | कार्यपालिका, नगरसभा | लैससास का. समिति, अनुगमन स., सबै विषयगत शाखा | निरन्तर | थप बजेट | |

**सुझावहरु :**

रोल्पा नगरपालिकामा मिति २०८२ माघ १० र ११ गते सम्पन्न लैससास परीक्षण कार्यशालाका सहभागीहरुको सहभागितामूलक अभ्यासबाट लैससास परिक्षण दिग्दर्शनमा उल्लेखित १०० ओटा सुचकहरुको स्वमुल्यांकन गरिएको छ । सुचकहरुको लेखाजोखा र अवलोकनका आधारमा नगरपालिकालाई लैससास उत्तरदायी र संवेदनशिल बनाउन सुधार गर्नुपर्ने क्षेत्र पहिचान गरी निम्न बुँदामा सुझावहरु उल्लेख गरिएको छ ।

- रोल्पा नगरपालिकाले निर्माण गर्ने समग्र कानुन, नीति तथा कार्यविधिहरु जारी गर्नु पूर्व लैससास दृष्टिले उपयुक्त भए नभएको र लैससासका विषय वा शब्द चयन भए नभएको लेखाजोखा तथा छलफल गरिएको निर्णयको अनिवार्य अभिलेख राख्ने परिपाटीको विकास गर्न सकेमा लैससास प्रति नगरपालिका सम्वेदनशील रहेको पुष्टि हुन्छ ।
- नगरपालिकामा विद्यमान समग्र निति तथा कानुन र कार्यविधिहरु पुनरावलोकन साथै समिक्षा गरी सुधार गर्नुपर्ने पक्षहरुलाई सम्बोधन हुने गरी परिमार्जन तथा सुधार गर्न सकेमा लैससासका अधिकांस विषयहरु सम्बोधन गर्न सकिन्छ ।
- लैससास परीक्षण दिग्दर्शन २०७८ मा व्यवस्था गरिएको लैससास कार्यान्वयन समिति र लैससास परिक्षण कार्यदल क्रियाशिल बनाउन सकेमा नगरपालिकाको समग्र विकास प्रक्रियालाई लैससास मूलप्रवाहीकरण गर्न सहज हुन्छ ।
- लैससास परीक्षणको अवधीमा नगरपीलिकाबाट सुधारका लागि प्रतिबद्धता जनाई तयार गरिएको वार्षिक कार्ययोजर्ना नगरको वार्षिक योजना किताबमा समावेश गरी समयमै कार्यान्वयन गनुपर्ने ।
- वडा तथा टोलबस्तीका योजना तर्जुमा अवधीमा महिला पुरुष लगायत लक्षित समुहका **व्यबहारीक तथा रणनीतिक** आवश्यकता परिपुर्ति हुने गरी निर्माण गरिएका योजनाको स्पष्ट अभिलेख राख्न सकेमा पूर्वाधार विकास सँगै सामाजिक तथा मानविय विकासका लागि कार्यान्वयन भएका योजनाको स्पष्ट सुची प्रकासित गर्न सकिने ।
- योजना तर्जुमा गर्दा लक्षित समूहका योजनाले प्राथमिकता पाउने गरी समुदाय तहमा महिला, अपांगता भएका व्यक्ति, दलित लगायत सबै प्रकारका लक्षित समुहको अलग अलग भेला राखी **समस्या विश्लेषण र आवश्यकतामा आधारीत** योजना माग गर्न सहजीकरणको व्यवस्था मिलाउनु पर्ने ।
- नगरपालिकाले लक्षित समुदायका लागि एकमुष्टमा डल्लो बजेट विनियोजन नगरी अलग अलग लक्षित समुदायको मागमा आधारीत निश्चित प्रतिशत बजेट बिनियोजनका लागि पहल गरिएमा लक्षित समुदायमा आवश्यकताले प्राथमिकता पाउन सक्ने ।
- नगरपालिका भित्रका सबै सरकारी निकायमा महिला शौचालय व्यवस्थापन तथा डस्टबिन सहित सेनीटरी प्याडको व्यवस्थापन गर्न गराउन निर्देश गरी कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्ने ।
- नगरपालिका भित्रका सबै सरकारी तथा नीजि भवनहरु अपांग, बालबालिका, लैङ्गिकमैत्री बनाउनका लागि नक्सा पासको प्रावधान बनाई कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- नेपालको संबिधान, मुलुकी देवानी तथा अपराध संहिता २०७४, स्थानीय सरकार सञ्चालनऐन २०७४, बाल अधिकार ऐन २०७५ लगायत प्रचलित राष्ट्रिय कानुन,र बेइजिङ घोषणापत्रमा उल्लेखित १२ ओटा सरोकारका विषय, CEDAW, दिगो विकास लक्ष्य, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र

१८२० आदि जस्ता अन्तराष्ट्रिय प्रतिबद्धताहरुका विषयहरु स्थानीयकरण गर्नका लागि जनप्रतिनिधी र कर्मचारीहरुलाई नियमित अभिमूखिकरण सम्बन्धी वार्षिक योजना तथा बजेटलाई निरन्तरता दिनु पर्ने ।

- लैससासमैत्री सुचना प्रणाली व्यवस्थापन गरी नगरबाट तर्जुमा गरिने लक्षित समुहका योजना र प्रगति बारे सबै प्रकारका लक्षित समुहमा सहज पहुँचको व्यवस्था सुनिश्चित गर्ने ।
- सुचना तथा तथ्यांकहरुले नगरपालिकाको वास्तविक चित्रण उजागर गरी हरेक वर्ष  तय गरिने योजना तथा कार्यक्रमलाई मार्गनिर्देश गर्ने भएकोले नगरको खण्डिकृत तथ्यांक तथा सुचना संकलन गरी नगर प्रोफाइल अद्यावधिक गर्नुपर्ने ।
- नगरपालिका भित्र विभिन्न विषय क्षेत्रमा काम गर्ने सहयोगी निकायहरुबाट सञ्चालित योजना तथा कार्यक्रमहरुबाट प्राप्त उपलब्धी नगरपालिकाको उपलब्धी हुने भएकोले नियमित अनुगमन गरी अभिलेख राख्न सम्बन्धित विषयगत शाखाहरुलाई निर्देशन गनुपर्ने ।
- नगरपालिकाबाट सम्पन्न हुने हरेक गतिबिधीहरुको विद्यमान अवस्था अद्यावधिक सहितको जानकारीका लागि अभिलेखिकरण कार्यलाई अनिवार्य गर्नुपर्ने ।
- नगरपालिकाका जनप्रतिनिधी र कर्मचारीहरुलाई नियमित रुपमा लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुनहरुका विषयमा नियमित अभिमूखिकरण हुन सकेमा लैससासमैत्री योजना तथा कार्यक्रमले प्राथमिकता पाउन सक्ने ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिबेदनको निष्कर्ष ::**

रोल्पा नगरपालिकको आयोजना र लैससास विज्ञको सहजीकरणमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य सम्पन्न गरिएको छ । परीक्षण अवधीमा नगरपालिकाबाट निर्माण गरी लागु गरिएका कानुन, नीति तथा कार्यविधि, वार्षिक योजना, कार्यक्रम तथा बजेट, आवधिक योजना, वार्षिक प्रतिवेदन लगायतका अन्य कार्यविधि र निर्णय दस्तावेजहरु अध्ययन तथा लेखाजोखा गरिएको थियो । त्यसैगरी नगरपालिकाको संरचनागत व्यवस्था, भाषाशैली तथा व्यवहार, सेवा प्रणाली लगायत भौतिक संरचनाको समेत अवलोकन गरिएको थियो ।

